११६ औं कार्यपालिका बैठक (मिति २०८२ भाद्र १६ गते) को प्रस्तावनाहरु:

**प्रस्तावहरू:**

१) विगतको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन/समीक्षा सम्बन्धमा
२) स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य इकाइ व्यवस्थापन समितिको बैंक खाता सञ्चालन सम्बन्धमा।
३) नेपाल सर्वाङ्गिण विकास समाजले निर्माण गर्ने सामुदायिक आवास कार्यक्रमको नक्सापासको रकम छुट दिने सम्बन्धमा ।
४) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमको वडा कृषि वा पशुपन्छी लागत साझेदारी प्रतिबद्धता सम्बन्धमा ।
५) अटो तथा ई-रिक्साको रुट क्षेत्र निर्धारण,भाडा दर र पार्किङ स्थल सम्बन्धमा ।
६) तलबी प्रतिवेदन पारित सम्बन्धमा ।
७) कार्य सम्पादन सम्झौता गर्ने सम्बन्धमा ।
८) विविध

क) गत आ.व. को भुक्तानी दिन बाँकी दायित्वको रकम भुक्तानी सम्बन्धमा ।
ख) जग्गा वर्गिकरण सम्बन्धमा ।
ग) बसपार्क ठेक्काको छुट सम्बन्धमा ।
घ) उपभोक्ता समिति गठन र सो समितिलाई तालिम दिने सम्बन्धमा ।
ङ) आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा

**निर्णयहरुः**

**प्रस्ताव नं.१.नगर कार्यपालिका बैठका विगतका निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।**

**निर्णय नं.१** नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै सम्बन्धित शाखा प्रमुखहरुलाई निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु विधि र प्रक्रिया पुर्‍याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.२.स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य इकाइ व्यवस्थापन समितिको बैंक खाता सञ्चालन सम्बन्धमा।**

**निर्णय नं.२.** विदुर नगरपालिकाभित्र रहेका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाई व्यवस्थापन समितिको बैंक खाता सञ्चालनको सम्बन्धमा कतिपय संस्थामा खाता सञ्चालन नभएको, कतिपय संस्थामा खाता रहेको तर निस्क्रिय रहेको पाइएकाले, स्वास्थ्य संस्थाहरूमा बैंक खाता सञ्चालन हुँदा नगद कारोबार गर्न नपर्ने, संस्थाले प्राप्त गर्ने आम्दानीलाई बैंक खातामा जम्मा गर्न सक्ने, तथा आवश्यक भुक्तानी जिम्मेवार व्यक्तिहरूको संयुक्त दस्तखतबाट गर्ने प्रावधान कायम हुँदा कारोवार थप पारदर्शी र व्यवस्थित हुने भएकाले, यस सम्बन्धमा विदुर नगरपालिकाभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरूको बैंक खाता नेपाल बैंक लिमिटेड, त्रिशुली शाखामा सम्बन्धित वडा सचिव तथा सो स्वास्थ्य संस्था (स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य इकाई) का इन्चार्जको संयुक्त नाममा खोल्ने/सञ्चालन गर्ने गरी नेपाल बैंक लिमिटेडलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.३. नेपाल सर्वाङ्गिण विकास समाजले निर्माण गर्ने सामुदायिक आवास कार्यक्रमको नक्सापासको रकम छुट दिने सम्बन्धमा ।**

**निर्णय नं.३.** नेपाल सर्वाङ्गिण विकास समाजले यस नगरपालिकाका विभिन्न वडाहरुमा तीन वर्षभित्र जम्मा १२ वटा सामुदायिक आवास भवन निर्माण गर्ने कार्यक्रम रहेको हुँदा उक्त सामाग्रीले स्वीकृत गरेको डिजाइनभित्र निर्माण हुने भवनहरुको नक्सा पास गर्दा लाग्ने दस्तुरमा नगरपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा आवास निर्माण अनुमति माग गर्ने स्थानीय व्यक्तिको आर्थिक अवस्था कमजोर भएको प्रमाणित भएमा, तिर्नुपर्ने राजश्व रकममध्ये १० प्रतिशत मात्र लिने र बाँकी ९० प्रतिशत रकम छुट दिने र यसरी छुट प्राप्त गरी निर्माण गरिने भवनहरू ढलान (आर.सी.सी.) संरचना नभई सामान्य जस्ताको छानावाला घर सरहको मात्र हुनुपर्ने सर्वसम्मत निर्णय गरियो।

CamScanner

**प्रस्ताव नं.४. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमको वडा कृषि वा पशुपन्छी लागत साझेदारी प्रतिबद्धता सम्बन्धमा ।**

निर्णय नं.४. समुदायमा आधारित "एक वडा एक कृषि उत्पादन कार्यक्रम" अन्तर्गत कृषि तथा पशुपन्छि सम्बन्धी लागत साझेदारी कार्यक्रम कार्यान्वयनका लागि वडा छनोट गर्नुपर्ने भएकाले, सो सम्बन्धमा कार्यपालिकाका सम्पूर्ण सदस्यलाई स्पष्ट जानकारी गराई वडावासीलाई समेत अवगत गराउनुपर्ने आवश्यकता रहेकोले, चालु आर्थिक वर्ष २०८२/८३ का लागि सो कार्यक्रमका लागि विनियोजित बजेट रकम रु. १३,३३,३३३ (१३ लाख ३३ हजार ३ सय ३३ रुपैंया ) रहने र लाभग्राहीको साझेदारी अंश २० प्रतिशत रहने व्यवस्था सम्बन्धित कार्यविधिमा उल्लेख भएअनुसार, वडा नं. ६ मा पशुपन्छि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने साथै, सो कार्यक्रम अन्तर्गत लाभग्राहीहरूले तोकिएको मितिभित्र साझेदारीको प्रतिबद्धतासहितको निवेदन पेश गर्नुपर्ने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.५ अटो तथा ई-रिक्साको रुट क्षेत्र निर्धारण,भाडा दर र पार्किङ स्थल सम्बन्धमा ।**

निर्णय नं५.अटो तथा ई–रिक्साको रुट क्षेत्र निर्धारण, भाडा दर तथा पार्किङ स्थल सम्वन्धमा पक्की र कच्ची सडकको न्यूनतम भाडा दर कायम गर्ने विषयमा सम्बन्धित शाखा र सरोकारवालासँग अझै छलफल गरी आगामी बैठकमा निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.६ तलबी प्रतिवेदन पारित सम्बन्धमा ।**

निर्णय नं.६ कुनै पनि कार्यालयले स्वीकृत दरबन्दीका कर्मचारीको प्रदेश किताबखाना, प्रदेश लेखा नियन्त्रक वा एकाईबाट स्थानीय सेवा ऐन, २०७९ को दफा ६९ उपदफा ५ मा तलवी प्रतिवेदन पारित गर्नुपर्ने उल्लेख छ। विगत वर्षदेखिनै यस नगरपालिकाको कार्यालयले स्थानीय तहको तलवी प्रतिवेदन पारित गर्ने गरेको छैन। प्रत्येक वर्ष लेखापरीक्षण गर्दा तवली प्रतिवेदन पारित नगरी तलवी भुक्तानी गरेको बेहोरा उल्लेख गरी बेरुजू कायम हुने गरेको छ। तसर्थ विदुर नगरपालिकाको सर्वोच्च कार्यकारी निकाय कार्यपालिकाबाट यस नगरपालिकाको प्राविधिक तथा अप्राविधिक तर्फ विभिन्न तह र श्रेणीमा कार्यरत तपसिल बमोजिमका स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुको आर्थिक वर्ष २०८२।०८३ को तलवी प्रतिवेदन तपसिलमा उल्लेख भए बमोजिमका तलवी प्रतिवेदन पारित गर्न प्रदेश लेखा नियन्त्रण ईकाइ नुवाकोटमा तलबी प्रतिवेदन पारित गर्न पठाउने सर्वसम्मत निर्णय गरियो।

CamScanner

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर नुवाकोट

पत्रसंख्या :२०८२।८३
चलानी नं .:

बिषय: तलवी प्रतिबेदन पारित सम्बन्धमा

श्री विदुर नगरपालिका
नुवाकोट

यस कार्यालयको आ.व.२०८२।८३ को शुरु देखि अन्त्य सम्म निम्न कर्मचारीहरुले निम्न बमोजिमको तलव पाउने भएकोले लगत राखी तलवी प्रतिवेदन पास गरी पठाईदिनु हुन अनुरोध छ । यसमा पछि कुनै किसिमको थपघट भएमा सोहि बखत जानकारी गराइने ब्यहोरा अनुरोध गरिन्छ।

| क.सं | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | सेवा समूह | श्रेणी/तह | सुरु नियुक्ति मिति | हालको पदमा बढुवा नियुक्ति | तलव स्केल: शुरु तलब स्केल | तलव स्केल: २०५७४।१ प्राविधिक समायोजन ग्रेड | तलव स्केल: समायोजन ग्रेड | २०८२ मसान्त सम्म खाईपाई आएको ग्रेड रकम प्रा ग्रेड बाहेक | २०८२।८३ मा वृद्धि हुने ग्रेड: संख्या | २०८२।८३ मा वृद्धि हुने ग्रेड: दर | २०८२।८३ मा वृद्धि हुने ग्रेड: जम्मा रकम | जम्मा ग्रेड रकम | तलव र ग्रेडको जम्मा रकम | ग्रेड वृद्धि हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० ८.९ | ११ | १२ | १३ | १४ | १५ १४.१५ | १७ १०.१६ | १८ | १९ |
| १ | | नवराज सापकोटा | प्रशासन | अधिकृत सातौ | | | ४५८५१ | | | ३ | १ | १५२८ | | ६११२ | ५१९६३ | १ | |
| २ | | निशा ढुङगाना | प्रशासन | पाचौ | | | ३४७३० | | | ५ | १ | ११५८ | | ६९४८ | ४१६७८ | १२ | |
| ३ | | प्रविण सापकोटा | प्रशासन | पाचौ | | | ३४७३० | | | ५ | १ | ११५८ | | ६९४८ | ४१६७८ | १२ | |
| ४ | | ज्योती शाह | प्रशासन | पाचौ | | | ३४७३० | | | २ | १ | ११५८ | | ३४७४ | ३८२०४ | ६ | |
| ५ | | असलम ईद्रिस | प्रशासन | पाचौ | | | ३४७३० | | | २ | १ | ११५८ | | ३४७४ | ३८२०४ | ६ | |
| ६ | | निता पौडेल | प्रशासन | पाचौ | | | ३४७३० | | | २ | १ | ११५८ | | ३४७४ | ३८२०४ | ६ | |
| ८ | | मदन राज न्यौपाने | प्रशासन | पाचौ | | | ३४७३० | | | ३ | १ | ११५८ | | ३४७४ | ३८२०४ | ८ | |
| ९ | | गंगा विष्ट | प्रशासन | चतुर्थ | | | ३२९०२ | | | २ | १ | १०९७ | | २१९४ | ३५०९६ | ८ | |
| १० | | रण बहादुर थापा | प्रशासन | छैटौ | | | ४३६८९ | | | ० | १ | १४५६ | | १४५६ | ४५१४५ | ११ | |
| ११ | | रविन कुमार पूलामी | प्रशासन | चतुर्थ | | | ३२९०२ | | | २ | १ | १०९७ | | २१९४ | ३५०९६ | १ | |
| १२ | | खूमराज खड्का | प्रशासन | चतुर्थ | | | ३२९०२ | | | २ | १ | १०९७ | | २१९४ | ३५०९६ | १ | |
| १३ | | शूसिला प्याकुरेल | प्रशासन | चतुर्थ | | | ३२९०२ | | | २ | १ | १४५६ | | २१९४ | ३५०९६ | १२ | |
| १४ | | समित तामाङ | प्रशासन | चतुर्थ | | | ३२९०२ | | | ४ | १ | १०९७ | | ३२९१ | ३६१९३ | १० | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | | सुबोध शाह | प्रशासन | पाचौ | | | ३४७३० | | | ३ | १ | ११५८ | | ४६३२ | ३९३६२ | ८ | |
| १६ | | सन्तोषि लामिछाने | प्रशासन | पाचौ | | | ३४७३० | | | ३ | १ | ११५८ | | ४६३२ | ३९३६२ | ८ | |
| १७ | | पदम वहादुर थापा | प्रशासन | चतुर्थ | | | ३२९०२ | | | २ | १ | १०९७ | | ३२९१ | ३६१९३ | १० | |

तयार गर्ने रुजू गर्ने कार्यालय प्रमुख प्रमाणित

# विदुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### विदुर नुवाकोट

पत्रसंख्या :२०८२।८३
चलानी नं .:

बिषय: तलवी प्रतिवेदन पारीत सम्बन्धमा ।

श्री विदुर नगरपालिका
नुवाकोट

यस कार्यालयको आ.व.२०८२।८३ को शुरु देखि अन्त्य सम्म निम्न कर्मचारीहरुले निम्न बमोजिमको तलव पाउने भएकोले लगत राखी तलवी प्रतिवेदन पास गरी पठाईदिनु हुन अनुरोध छ । यसमा पछि कुनै किसिमको थपघट भएमा सोहि बखत जानकारी गराइने ब्यहोरा अनुरोध गरिन्छ ।

| क.सं | कर्मचारी सकेत नं. | कर्मचारीको नाम थर | सेवा समूह | श्रेणी/तह | सूरु नियूक्ति मिति | हालको पदमा बढूवा नियूक्ति | तलब स्केल | | | २०८२ मसान्त सम्म खाईपाई आएको ग्रेड रकम प्रा ग्रेड बाहेक | २०८२।८३ मा वृद्धि हूने ग्रेड | | | जम्मा ग्रेड रकम | तलब र ग्रेडको जम्मा रकम | ग्रेड वृद्धि हूने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | शूरु तलब स्केल | २०५७।४१ प्राविधिक /समायोजन ग्रेड | समायोजन ग्रेड | | संख्या | दर | जम्मा रकम | | | | |
| | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० ८.९ | ११ | १२ | १३ | १४ | १६ १४.१५ | १७ १०.१६ | १८ | १९ |
| १ | १६१७०१ | श्री शूभाकर पौडेल | प्रशासन | रा.प. द्वितिय | २०५५।६।८ | ०३ | ४८७३७ | ० | ० | ८ | ० | १६२५ | | १३००० | ६१७३७ | १ | |
| २ | | प्रकाश बहादुर बोगटी | प्रशासन | अधिकृत सातौ | | | ४५८५१ | | | १ | १ | १५२८ | | ३०५६ | ४८९०७ | ८ | |
| ३ | | हरि प्रसाद प्याकुरेल | प्रशासन | अधिकृत सातौ | | | ४५८५१ | | | ३ | १ | १५२८ | | ६११२ | ५१९६३ | ७ | |
| ४ | | रामहरि खनाल | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | | | ६ | १ | १४५६ | | १०१९२ | ५३८८१ | ११ | |
| ५ | | सरला श्रेष्ठ | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | | | ३ | १ | १४५६ | | ५८२४ | ४९५१३ | ८ | |
| ६ | | सूदर्सन सेढाई | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | | | ४ | १ | १४५६ | | ७२८० | ५०९६९ | ४ | |
| ७ | | उत्तम कूमार शाह | प्रशासन | इन्जिनियर | | | ४३६८९ | | | ५ | १ | १४५६ | | ८७३६ | ५२४२५ | ८ | |
| ८ | | कृष्णमाया अर्याल | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | | | ३ | १ | १४५६ | | ५८२४ | ४९५१३ | ८ | |
| ९ | | राम प्र बडाल | प्रशासन | पाचौ | | | ३४७२० | | | ८ | १ | ११५८ | | १०४२२ | ४५१४२ | २ | |
| १० | | रामशरण बोगटी | प्रशासन | पाचौ | | | ३४७२० | | २३१६ | १० | ० | ११५८ | | १३८९६ | ४८६१६ | १० | |
| ११ | | गायत्री प्याकूरेल | प्रशासन | पाचौ | | | ३४७३० | २३१६ | २३१६ | १० | ० | ११५८ | | १३८९६ | ४८६२६ | १० | |
| १२ | | बद्रि कूमार रिजाल | प्रशासन | पाचौ | | | ३४७३० | | | ९ | १ | ११५८ | | १०४२२ | ४५१५२ | ८ | |
| १३ | | सुस्मीता पोखरेल | प्रशासन | पाचौ | | | ३४७३० | | | ८ | १ | ११५८ | | ९२६४ | ४३९९४ | १२ | |
| १४ | | प्रकाश अधिकारी | प्रशासन | पाचौ | | | ३४७३० | | | ७ | १ | ११५८ | | ८१०६ | ४२८३६ | १२ | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | | दिपक मूडभरी | प्रशासन | पाचौ | | | | ३४७३० | | | ६ | १ | ११५८ | | ६९४८ | ४१६७८ | ८ | |
| १६ | | महेश श्रेष्ठ | प्रशासन | पाचौ | | | | ३४७३० | | | ८ | १ | ११५८ | | ९२६४ | ४३९९४ | ६ | |
| १७ | | इश्वरी प्रसाद रिमाल | प्रशासन | पाचौ | | | | ३४७३० | | | ८ | १ | ११५८ | | ९२६४ | ४३९९४ | ६ | |
| १८ | | सविता घिमिरे | कृषि | पाचौ | | | | ३४७३० | | | ३ | १ | ११५८ | | ४६३२ | ३९३६२ | ८ | |
| १९ | | चुडामणि भट्टराई | प्रशासन | पाचौ | | | | ३४७३० | | | ५ | १ | ११५८ | | ६९४८ | ४१६७८ | ११ | |
| २० | | शंकर नेपाल | प्रशासन | चौथो | | | | ३२९०२ | | | १० | | १०९७ | | १०९७० | ४३८७२ | ९ | |
| २१ | | रमेश कूमार श्रेष्ठ | प्रशासन | चौथो | | | | ३२९०२ | | | १० | ० | १०९७ | | १०९७० | ४३८७२ | ४ | |
| २२ | | शिवहरी गजूरेल | प्रशासन | चौथो | | | | ३२९०२ | | २१९४ | १० | ० | १०९७ | | १३१६४ | ४६०६६ | ९ | |
| २३ | | ठाकूर वहादूर केसी | प्रशासन | चतूर्थ | | | | ३२९०२ | | २१९४ | १० | ० | १०९७ | | १३१६४ | ४६०६६ | ९ | |
| २४ | | दामोदर नेपाल | प्रशासन | चौथो | | | | ३२८५६ | | २१९० | ४ | १ | १०९५ | | ७६६५ | ४०५२१ | ६ | |
| २५ | | लेख वहादूर श्रेष्ठ | प्रशासन | चौथो | | | | ३२८५६ | | २१९० | ४ | १ | १०९५ | | ७६६५ | ४०५२१ | ६ | |
| २६ | | इन्द्रभक्त डंगोल | प्रशासन | चौथो | | | | ३२८५६ | | २१९० | ४ | १ | १०९५ | | ७६६५ | ४०५२१ | ६ | |
| २७ | | शुक्रमान श्रेष्ठ | प्रशासन | प्रहरी हल्दार | | | | ३२९०२ | | ० | ९ | १ | १०९७ | | ९८७३ | ४२७७५ | ८ | |
| २८ | | कृष्ण व तिमल्सिना | प्रशासन | प्रहरी हल्दार | | | | ३२९०२ | | ० | ९ | १ | १०९७ | | ९८७३ | ४२७७५ | ८ | |
| २९ | | राम कुमार गिरि | प्रशासन | कास पाचौं | | | | ३२८५६ | | २१९० | ४ | ० | १०९७ | | ६५७० | ३९४२६ | ६ | |
| ३० | | मिन वहादूर प्याकूरे | प्रशासन | कासपाचौं | | | | ३२८५६ | | २१९० | ४ | ० | १०९७ | | ६५७० | ३९४२६ | ६ | |
| ३१ | | गणेश जंग पाण्डे | प्रशासन | कास पाचौं | | | | ३२८५६ | | १८४० | ४ | ० | १०९७ | | ६५७० | ३९४२६ | ६ | |
| ३२ | | वसन्त लाल श्रेष्ठ | प्रशासन | कास पाचौं | | | | २७६१२ | | १८४० | ३ | ० | ९२० | | ३६८० | ३१२९२ | ६ | |
| ३३ | | हरि प्रसाद रिजाल | प्रशासन | कास प्रथम | | | | २४७०२ | | १६४६ | २ | ० | ८२३ | ० | ३२९२ | २७९९४ | ६ | |
| ३४ | | लाल वहादूर मिजार | प्रशासन | कार्यालय सह | | | | ३२८५६ | | २१९० | ३ | ० | ८२३ | ० | ३८३६ | ३६६९२ | ६ | |

तयार गर्ने        रुजू गर्ने        कार्यालय प्रमुख        प्रमाणित

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर नुवाकोट

पत्रसंख्या :२०८२।८३
चलानी नं .:

बिषय: तलवी प्रतिवेदन पारित सम्बन्धमा ।

श्री विदुर नगरपालिका
नुवाकोट

यस कार्यालयको आ.व.२०८२।८३ को शुरु देखि अन्त्य सम्म निम्न कर्मचारीहरुले निम्न बमोजिमको तलव पाउने भएकोले लगत राखी तलवी प्रतिवेदन पास गरी पठाईदिनु हुन अनुरोध छ । यसमा पछि कुनै किसिमको थपघट भएमा सोहि बखत जानकारी गराइने व्यहोरा अनुरोध गरिन्छ।

| क.सं | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | सेवा समूह | श्रेणी/तह | सूरु नियुक्ति मिति | हालको पदमा बढुवा नियुक्ति | तलब स्केल: शुरु तलब स्केल | तलब स्केल: २०५७।४।१ प्राविधिक /समायोजन ग्रेड | तलब स्केल: समायोजन ग्रेड | २०८२ मसान्त सम्म खाईपाई आएको ग्रेड रकम प्रा ग्रेड बाहेक | २०८२।८३ मा वृद्धि हुने ग्रेड: संख्या | २०८२।८३ मा वृद्धि हुने ग्रेड: दर | २०८२।८३ मा वृद्धि हुने ग्रेड: जम्मा रकम | जम्मा ग्रेड रकम | तलब र ग्रेडको जम्मा रकम | ग्रेड वृद्धि हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० ८.९ | ११ | १२ | १३ | १४ | १६ १४.१५ | १७ १०.१६ | १८ | १९ |
| १ | | पुर्णध्वज श्रेष्ठ | प्रशासन | अधिकृत सातौ | | | ४५८५१ | ३०५६ | ३०५६ | ९ | १ | १५२८ | | २१३९२ | ६७२४३ | ४ | |
| २ | | रामाराजा भण्डारी | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | २९१२ | २९१२ | ९ | १ | १४५६ | | २०३८४ | ६४०७३ | ११ | |
| ३ | | सनीता न्यौपाने | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | | २९१ | ४ | १ | १४५६ | | ७२८० | ५०९६९ | ११ | |
| ४ | | विजया खनाल | प्रशासन | पाचौ | | | ३४७३० | | २३१६ | ९ | १ | ११५८ | | १३८९६ | ४८६२६ | १ | |
| ५ | | भवानी रिमाल नेपाल | प्रशासन | पाचौ | | | ३४७३० | | ० | १० | ० | ११५८ | | ११५८० | ४६३१० | ११ | |
| ६ | | अम्वर तामाङ | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | | ० | ४ | १ | १४५६ | | ७२८० | ५०९६९ | ९ | |
| ७ | | विनुका तामाङ | प्रशासन | पाचौ | | | ३४७३० | २३१६ | २३१६ | १० | ० | ११५८ | | १६२९२ | ५०९४२ | ४ | |
| ८ | | संगिता खड्का भण्डारी | प्रशासन | पाचौ | | | ३४७३० | २३१६ | २३१६ | १० | ० | ११५८ | | १६२९२ | ५०९४२ | ७ | |
| ९ | | कमली अधिकारी | प्रशासन | पाचौ | | | ३४७३० | | २३१६ | १० | ० | ११५८ | | १३८९६ | ४८६२६ | ४ | |
| १० | | प्रतिक्षा देवकोटा | प्रशासन | पाचौ | | | ३४७३० | २३१६ | २३१६ | ७ | १ | ११५८ | | १६२९२ | ५०९४२ | ८ | |
| ११ | | दिपक राना | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | | २९१२ | ५ | १ | १४५६ | | ११६४८ | ५५३३७ | १० | |
| १२ | | देवकी डोटेल | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | ० | ० | ४ | १ | १४५६ | | ७२८० | ५०९६९ | ११ | |
| १३ | | भगवती रिमाल | प्रशासन | पाचौ | | | ३४७३० | २३१६ | २३१६ | १० | ० | ११५८ | | १६२९२ | ५०९४२ | ४ | |
| १४ | | अन्जना श्रेष्ठ | प्रशासन | पाचौ | | | ३४७३० | २३१६ | २३१६ | १० | १ | ११५८ | | १६२९२ | ५०९४२ | ४ | |

CamScanner

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | | उषा रिजाल | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | २९१२ | ० | ५ | १ | १४५६ | | १०१९२ | ५३८८१ | १ | |
| १६ | | मणिराम गम्पो | प्रशासन | अधिकृत छैटौ | | | ४३६८९ | ० | ० | २ | १ | १४५६ | | ४३६८ | ४८०५७ | १० | |
| १७ | | शंकर अमात्य | प्रशासन | पाचौ | | | ३४७३० | २३१६ | २३१६ | ९ | १ | ११५८ | | १६२१२ | ५०९४२ | ११ | |
| १८ | | सूरेस श्रेष्ठ | प्रशासन | पाचौ | | | ३४७३० | | ० | ८ | १ | ११५८ | | १०४२२ | ४५१५२ | ८ | |
| १९ | | लक्ष्मी श्रेष्ठ | प्रशासन | पाचौ | | | ३४७३० | | २१९४ | ९ | १ | ११५८ | | १३७७४ | ४८५०४ | ३ | |
| २० | | अश्मिता खनाल | प्रशासन | पाचौ | | | ३४७३० | | २१९४ | ७ | १ | ११५८ | | ११४५८ | ४६१८८ | ११ | |
| २१ | | सरीता पण्डित | प्रशासन | पाचौ | | | ३४७३० | | २१९० | १० | ० | ११५८ | | १३७७० | ४८५०० | ९ | |
| २२ | | मूकेश कूमार यादव | प्रशासन | चतुर्थ | | | ४३६८९ | | २१९० | ५ | १ | १४५६ | | १०९२६ | ५४६१५ | ८ | |
| २३ | | कृष्ण प्रसाद अर्यालद | प्रशासन | कार्यालय सहयोगी | | | ३२८५६ | | २१९० | ४ | १ | १०९५ | | ७६६५ | ४०५२१ | ६ | |

तयार गर्ने रुजू गर्ने कार्यालय प्रमुख प्रमाणित

प्रस्ताव नं. ७ कार्य सम्पादन सम्झौता सम्बन्धमा ।

निर्णय नं.७ सुशासन ऐन, २०६४ को दफा १९ मा कार्यालयले प्रवाह गर्ने सेवालाई पारदर्शी तथा नतिजामुखी तुल्याउन कार्य सम्पादन संझौता गर्ने प्रावधान राखेको छ । यस नगरपालिकाका १३ वटा वडाका करीव ६० हजार नागरिकलाई प्रवाह गरिने सेवा सेवाग्राहीमैत्री तुल्याउँदै सुशासन प्रवर्द्धन गर्न नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबिच र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा वडासचिवहरुविच कार्यसंपादन संझौता गरी सेवालाई समयबद्ध र परिमाणमुखि तुल्याउने र यस कार्यमा निर्वाचित जनप्रतिनिधि समेतले सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव नं.८ विविध

निर्णय नं.८

क) गत आ.व. को रकम भुक्तानी सम्बन्धमा ।

आ.व. २०८१/०८२ को आय र प्राप्तिको अवस्था

| क्र.स. | आय विवरण | अनुमानित आय | वास्तविक आय | कम/बढी आय प्राप्ति |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | ५ करोड ३९ लाख | ३ करोड ६४ लाख | १ करोड ७५ लाख (-) |
| २ | गैर कर राजश्व | ७ करोड ५९ लाख | ३ करोड ९३ लाख | ३ करोड ६६ लाख (-) |
| ३ | अन्यकर | ४ लाख | ७० लाख | ६६ लाख बढी (+) |
| ४ | समानीकरण अनुदान (ने.स.प्र.स.) | १४ करोड ९१ लाख | १३ करोड ६८ लाख | १ करोड २२ लाख (-) |
| ५ | राजश्व बाँडफाड | ३१ करोड १८ लाख | २२ करोड ८९ लाख | ८ करोड २९ लाख (-) |
| जम्मा रकम | | ५९ करोड ११ लाख | ४४ करोड ८४ लाख | १४ करोड ६६ लाख (-) |

अनुमानित आय रु.५९ करोड ११ लाख गरिएको वा प्राप्ति रु.४४ करोड ८४ लाख भई कुल रु. १४ करोड ६६ लाख नपुग हुन जाँदा कार्यान्वयन भएका आयोजना/कार्यक्रम र सेवाको भुक्तानी गर्न नसकेको कारण भुक्तानी बाँकीको दायित्व सिर्जना भएकोले गत आर्थिक वर्ष २०८१/०८२ मा सम्झौता भई काम सम्पन्न भएका कतिपय योजनामा रकम नपुगेका कारण भुक्तानी दिन बाँकी रहेकोले उक्त आयोजना गतवर्षको भुक्तानी दिन बाँकीमा चालु खर्चतर्फ १ करोड ६९ लाख र पूँजीगत तर्फ रु. ६ करोड ४८ लाख गरी कुल भुक्तानी दिन बाँकीमा विनियोजित बजेट रु. ८ करोड १७ लाखबाट योजनाहरु मध्ये first come first service को आधारमा र गत वर्ष शून्य भुक्तानी भएका योजनाहरुको सुचिकरण गरी आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक निकासा रकम मध्येबाट उक्त योजनाहरुलाई प्राथमिकतामा

CamScanner

राखी पुरै रकम भुक्तानी दिई बाँकी रहेको रकम प्रथम किस्ता लिगि सकेका योजनाहरुलाई first come first service को आधारमा पुरै रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**ख) जग्गा वर्गिकरण सम्बन्धमा**

यस नगरपालिका क्षेत्र भित्रको जग्गाको कित्तागत वर्गिकरण हुँदा यस नगरपालिकाभित्रका जग्गाको कित्ताकाट लगायतका कार्य रोकिएको हुँदा कित्तागत वर्गिकरणको आधारमा जग्गा छुट्याउने कार्यको लागि जग्गा वर्गिकरण सम्बन्धी कार्य परामर्श सेवाबाट गर्न प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

**ग) बसपार्क ठेक्काको छुट सम्बन्धमा।**

विदुर नगरपालिका वडा नं. ४ मा रहेको बसपार्क आ.व २०८२/०८३/र २०८३/०८४ दुई वर्षका लागि आय ठेक्का लगाउन मिति २०८२/०४/०६ गते भ्याट बाहेक रु ३५ लाख न्यूनतम कबोल अंक कायम गरी बढाबढमा ठेक्का आव्हान गरेकोमा D.R. Construction ले भ्याटसहित रु. ४७ लाख ४६ हजार (सबभन्दा बढी) कबोल गरेको र २ वर्षको लागि ठेक्का लगाउने सूचना प्रकाशित भएपनि ठेक्का लगाँउदा दुई आर्थिक वर्षमध्ये हालसम्म नगरपालिकाले नै बसपार्क क्षेत्रबाट आय संकलन गरेकोले ठेक्का कबोल गर्ने D.R.Construction ले मिति २०८२/०५/१३ मा नगरपालिकाले आय संकलन गरेको अवधीको बुझाउन पर्ने रकममा छुट गरीदिन अनुरोध गरेको हुँदा सम्झौता लागु हुने अघिल्लो दिनसम्मको कबोल अंकको दामासाहिले हुने रकम छुट गरी ठेक्का सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो।

**घ) उपभोक्ता समिति गठन र सो समितिलाई तालिम दिने सम्बन्धमा।** विदुर नगरपालिकाभित्र सञ्चालन गरिने योजनाका लागि कार्तिक मसान्तभित्र उपभोक्ता समिति गठन गर्ने र मङ्सिर १५ गतेभित्र सो समितिलाई तालिम दिने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**ङ) आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा।**

वडा नं.१ स्थित ढुंगे बजारमा भएको आगलागीका कारण क्षति पुगेको होटल व्यवसायी वि.न.पा. वडा नं. ९ निवासी ना.प्र.नं. ३९३१७ भएका नवराज श्रेष्ठ र वडा नं. ५ स्थित डम्पिङ साइटमा कार्य गर्ने क्रममा एसिडले जलेर घाइते भएकी वडा नं. ९ निवासी ना.प्र.नं. २५१००१/६०९ भएको पार्वती कुमाललाई प्रत्येकलाई रु. ५०,००० (पचास हजार) का दरले आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

CamScanner

बैठक संख्या: ११७ (एक सय सत्रऔं)
समय:

आज मिति २०८२ आसोज २७ गते सोमवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको आकस्मिक बैठक बसियो।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिंजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

CS CamScanner